म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १५३ शुक्रबार २७ पुस २०८० ने. सं. ११४४ पोहेलाथ्व 12 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा जेसीजको भवन मर्मत धमाधम

हेटौंडा, २६ पुस/हेटौंडा जेसीजको हेटौंडा-४ स्थित भवनको मर्मत कार्य धमाधम भइरहेको छ । जेसीज वर्ष सन् २०२३ का अध्यक्ष श्रवणकुमार बर्तौलाले आफूले ककसमा बाचा गरेअनुसार जेसीज भवन मर्मतको काम अन्तिम चरणमा पुगेको जानकारी दिएका छन् । उनका अनुसार हेटौंडा उपमहानगरपालिका-९ बाट प्राप्त भएको ५ लाख रुपैयाँ बजेटबाट अहिले भवनको जस्तापाता फेर्ने र रङरोगन गर्ने कार्य सम्पन्न भइसकेको छ । फल्ससिलिङका लागि हेटौंडा उपमहानगरपालिकाबाट पनि ५ लाख रुपैयाँ बजेट स्वीकृत भइसकेको र करिब एक महिनाको अवधिमा यो कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिले तयारी अघि बढाएको उनले बताए । भवन मर्मत कार्यका लागि उपभोक्ता समितिका अध्यक्ष कविन सांगामी र बोर्ड अफ ट्रस्टि अध्यक्ष कुशकुमार रिजाल सहित जेसीजको सिङ्गो टिमको महत्वपूर्ण सहयोग रहेको भन्दै बर्तौलाले धन्यवादसमेत दिएका छन् । उनले मर्मतको काम सम्पन्न हुनासाथ जेसीजको सभाहल सञ्चालनमा ल्याई विभिन्न कार्यक्रम गर्न सहज हुने तथा अन्य निकायको सभा सम्मेलन गरी आर्थिक उपार्जन गर्न सकिने बताए ।

# स्थानीय तहबाट उपेक्षामा दलित समुदायका महिला

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ मकवानपुरमा दलित समुदाय र महिलाको अधिकारमा संघर्षरत् अगुवाहरुले स्थानीय तह र जनप्रतिनिधिबाटै उपेक्षामा परेको गुनासो गरेका छन् ।




जिल्लामा रहेर वर्षौंदेखि दलित समुदायका महिलाको अधिकारका लागि लड्दै आएका दलित महिला संघ मकवानपुरका अगुवाहरुले जिल्लाका पालिकाहरु र जनप्रतिनिधिबाटै उपेक्षामा परेको बताएका हुन् । स्थानीय तहका जनप्रतिनिधिले सहयोग नगरेसम्म दलित महिलाको उत्थान, अधिकार संरक्षण र वृद्धि विकासमा कुनै असर नदेखिने भएपनि जनप्रतिनिधिले दलित महिलाको क्षेत्रमा प्राथमिकता नदिएको आरोप लगाइएको हो । जिल्लामा निर्वाचित महिला जनप्रतिनिधिले नै दलित महिलाको सवालमा चासो नदिएको र उपेक्षामा राखेको आरोप लगाइएको हो ।

हेटौंडामा बिहीवार आयोजित सामाजिक न्याय र विकास प्रक्रियामा दलित महिलाको पँहुच अभिवृद्धिका लागि मिडियाकर्मीको भूमिका विषयक अन्तरक्रियामा बोल्दै दलित महिला संघ अध्यक्ष पवित्रा विकले दलित महिला उपेक्षामा परेको बताइन् । उनले हेटौंडाकी मेयर मीनाकुमारी लामाले दलित महिलाको उत्थानमा प्राथमिकता नदिएको आरोप लगाइन् । 'हेटौंडामै महिला मेयर हुनुहुन्छ । तर, उहाँले दलित महिलाको क्षेत्रमा काम गर्न ध्यान दिनु नै भएन । हाम्रो समस्यामा उहाँको प्राथमिकतामा देखिएन ।', उनले भनिन् । जिल्लामा दलित सदस्यको रुपमा निर्वाचित वडासदस्य तथा कार्यपालिका सदस्यहरु पनि सक्रिय हुन नसकेको बताइन् ।

दलित समुदायकै जनप्रतिनिधिले दलित महिलाको क्षेत्रमा काम गर्न नसकेको बताइन् । अध्यक्ष विकले दलित समुदायका जनप्रतिनिधिलाई अन्य जनप्रतिनिधिले बोल्न पनि नदिने गरेको विषय उठाइन् । 'हाम्रो समुदायको जनप्रतिनिधिलाई बोल्न पनि दिँइदैन । कसरी काम गर्न सक्नुहुन्छ उहाँहरुले । दलितउत्थानमा कार्यक्रम ल्याउनुपर्छ भन्दा कुनै जनप्रतिनिधिले प्राथमिकतामै राखेनन् ।', उनले भनिन् । दलित समुदायको लागि बजेट छुट्याएर काम गर्नुपर्छ भन्ने सोचका जनप्रतिनिधि पाउन नसकिएको उनको भनाई छ ।

विगतमा भन्दा स्थानीय तहको दोस्रो कार्यकालमा आएका जनप्रतिनिधिले पनि दलित समुदायको उत्थानमा ध्यान दिन थालेको अध्यक्ष विकले बताइन् । विद्यालय क्षेत्रमा दलित समुदायलाई संवैधानिक अधिकार प्राप्तिमा कठिनाई भइरहेको उनले बताएकी छन् । दलित, गरिब र सीमान्तकृतलाई नि:शुल्क शिक्षा दिनुपर्नेमा सामुदायिक विद्यालयमा जर्वजस्ती शुल्क लिइरहेको अध्यक्ष विकको भनाई थियो । हेटौंडा र बकैयामा सञ्चालित परियोजनाकी संयोजक विमला विकले दलित समुदाय र विशेषत: दलित महिलामाथि हुने गरेको विभेद र छुवाछुतको अवस्थामा खासै परिवर्तन आउन नसकेको बताइन् ।

विकले मकवानपुरमा अझै पीडित महिलालाई मुद्दा दर्ता गर्न सकस परिरहेको बताइन् । विभेद वा छुवाछुतको मुद्दा दर्ता गर्न खोज्दा मुद्दा दर्तामै अवरोध हुने गरेको उनको गुनासो छ । अधिकार पाउनसमेत नसकेको उनले बताइन् । दलित महिला संघ मकवानपुरले जिल्लामा दलित महिलाको सशक्तिकरणका लागि समूह निर्माण गर्दै आएको छ । संघले हेटौंडा उपमहानगरपालिका र बकैया गाउँपालिकामा नेपालमा दलित महिला र किशोरीको मानवअधिकार अभिवृद्धि परियोजना सञ्चालन गरि रहेको छ ।

परियोजनाअन्तर्गत् दुई पालिकामा ३१ वटा समूह निर्माण गरी उद्यमशीलता तालिम, बचत कार्यक्रम गरिएको, नीति, कार्यक्रम र बजेट वकालत अभियान चलिरहेको छ । 'दलित महिला सीप र उद्यमशीलताका अवसरबाट बञ्चित हुनुपरेको, लाञ्छना र हिंसाको जगजगी रहिरहेको, मानवअधिकारमा पहुँच नहुनु र दासताको लडाई अझै रहिरहेको परियोजना संयोजक विश्वकर्माले बताइन् । जातीय छुवाछुत, दलितको मुद्दालाई मिडियाले हेर्ने दृष्टिकोण, मिडियोको साथ सहयोगको अपेक्षा रहेको उनको भनाई छ । परियोजनाले दलित महिलाको विकासमा थप टेवा पुगेको संघले दाबी गरेको छ ।

संघले पछिल्लो समय विश्वमै महिलाहिंसाको दर बढ्दै गएको बताएको छ । संयुक्त राष्ट्रसंघका अनुसार, विश्वमा हरेक ११ मिनेटमा एक महिलाको हत्या हुने गरेको बताइएको छ । यसरी महिलाहिंसा बढ्नुमा कतिपयले सचेतनामा वृद्धि भएको, महिला पनि अन्यायविरुद्ध बोल्न थालेको, उजुरी गर्न थालेकोले यस्ता घटनाको संख्या वृद्धि हुनुलाई स्वाभाविक र सकारात्मक लिएका छन् । तर, समाजको पिँधमा परेको दलित महिलाको अवस्था भने निकै दयनीय रहेको अधिकारकर्मीहरु बताउँछन् ।

समग्र महिलाभित्र पनि दलित महिला पीडित छन् भने समग्र दलित समुदायभित्र पनि दलित महिला नै पीडित रहेको अधिकारकर्मीहरुले बताएका छन् । दलित महिलाले भोग्दै आएका हिंसा, विभेद र उत्पीडन निकै डरलाग्दो छ । सदियौंदेखि हिंसा, विभेद, थिचोमिचोमा पर्दै आएका दलित महिलाको अन्य महिलाको भन्दा पृष्ठभूमि फरक छ । उनीहरु चरम गरिबी, अशिक्षा, सचेतनाको कमी, बेरोजगारी, अन्धविश्वास, अन्याय, अत्याचार लगायत थुप्रै समस्यासँग जुध्नु परेको छ । दलित महिलाको विकासमा स्थानीय तहले प्राथमिकताका साथ काम गर्नुपर्ने देखिएको छ ।

# बागमती सरकारसँगको साझेदारीमा क्रिकेट रंगशाला बनाइने

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ बागमती प्रदेश सरकारसँगको साझेदारीमा गौतम बुद्ध क्रिकेट रंगशाला निर्माण गरिने भएको छ । धुर्मुस-सुन्तली फाउण्डेसनले निर्माण सुरु गरेको रंगशाला निर्माणमा बागमती सरकारसहित तीन तहका सरकारको संयुक्त लगानी हुनेछ ।



संघीय सरकारले बागमती प्रदेश सरकारसँगको साझेदारीमा रंगशाला बनाउन भरतपुर महानगरपालिकालाई सहमति दिएसँगै संयुक्त लगानीमा बन्ने भएको हो । भरतपुर महानगरप्रमुख रेनु दाहालका अनुसार संघीय सरकारको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले सहमति प्रदान गरेको हो । राष्ट्रिय गौरवको आयोजनाकारुपमा रहेको र लिज ऐनअन्तर्गत रंगशालाले जग्गा लिनुपर्ने भएकाले मन्त्रिपरिषद्को बैठकबाट सहमति लिनुपरेको उनले बताइन् । प्रमुख दाहालका अनुसार आयोजना सम्पन्न गर्न संघीय सरकारले समेत अनुदानका रुपमा बजेट उपलब्ध गराउने छ ।

रंगशालाका लागि यसअघि सट्टाभर्नामा जग्गा लिने सहमति भएकामा अहिले यो प्रावधान नरहेपछि लिज ऐनअन्तर्गत ४० वर्षका लागि रंगशालालाई जग्गा लिन मन्त्रिपरिषद्ले सहमति दिएको छ । त्रिभुवन विश्वविद्यालय र कृषि तथा वनविज्ञान विश्वविद्यालयसँग भरतपुर महानगरपालिकाले जग्गाको सम्झौता गरी रंगशालाको काम अघि बढाउन लागेको उनले बताइन् । महानगरसँग प्रदेश सरकारले पहिलो चरणमा ७५ करोड बराबरको काम गर्ने गरी सहमति भएको थियो ।

तर, भरतपुर महानगर पालिकाले तयार गरेको योजना अनुसार राष्ट्रियस्तरका खेल खेल्न मिल्ने बनाउन एक अर्ब लाग्ने प्रमुख दाहालले जानकारी दिइन् । पहिलो चरणमा खेलमैदान र प्यारापिट लगायतका काम सम्पन्न गरेर खेल खेल्न मिल्ने बनाइने उनको भनाइ छ । प्रदेश सरकारले ७० प्रतिशत लगानी गरेसँगै रकम अभाव भए संघीय सरकारको अनुदान लिएर महानगरपालिकाले थप गरी रंगशाला बनाउने तयारी गरिएको हो । प्रमुख दाहालका अनुसार प्रदेश सरकारको बजेट सुनिश्चिततासँगै बहुवर्षीय ठेक्का लगाएर काम गरिने छ ।

धुर्मुस-सुन्तली फाउण्डेसनले १९ करोड रुपैयाँ ऋण लागेको भन्दै दुई वर्षअघि निर्माणको काम छाडेको थियो । त्यसपछि रंगशाला निर्माण कार्य अलपत्र बनेको छ । महानगरपालिकाले आयोजनालाई महानगरको महत्वपूर्ण आयोजनाको रुपमा लिएको छ । महानगरका उपप्रमुख चित्रसेन अधिकारीले संघीय सरकारले अनुमति दिएसँगै अब कामले गति लिने बताए ।

# मकवानपुर जिम्नास्टिक संघमा सुनिल गिरी

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ मकवानपुरमा जिम्नाष्टिक संघ गठन गरिएको छ । हेटौंडाका सुनिल गिरीलाई नेतृत्व दिएर बिहीवार संघ गठन गरिएको हो ।



नेपाल जिम्नास्टिक संघका कोषाध्यक्ष सुनिलमान सिंहको संयोजकत्व तथा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीको आतिथ्यतामा संघ गठन गरिएको थियो । मकवानपुर जिल्ला खेलकुद विकास समितिको कार्यालयमा गठन भएको संघको उपाध्यक्षमा गजेन्द्रराज गिरी, महासचिवमा रणवीर थापा, कोषाध्यक्ष अनुपकुमार लामा चयन भएका छन् ।

संघको सदस्यहरुमा विमन्न लामा, रवीन्द्र शाही, सुम्रा थापा, मनिष योञ्जन, प्रलय चौलागाईं, भीमबहादुर देउला, राजेश तुमिङ्ग, राजेश देउला र मदन श्रेष्ठ चयन भएका छन् । कार्यक्रममा कराते प्रशिक्षक विष्णुभक्त श्रेष्ठ, संघ केन्द्रीय सदस्य श्रीप्रसाद केजु, उसु प्रशिक्षक विमला थापा, एथ्लेटिक्स प्रशिक्षक विष्णुमान श्रेष्ठलगायत खेलकुद क्षेत्रमा आवद्ध व्यक्तिको सहभागिता रहेको थियो ।

# आमागस्ती समूहमा आँखादानसम्बन्धी जनचेतना

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ पुष्पाञ्जली आमा गस्ती समूह हेटौंडा-९ को आयोजनामा आँखादानसम्बन्धी जनचेतना कार्यक्रम भएको छ ।

नेपाल आँखा बैंक र नेपाल आँखादान समाज र हेटौंडा आँखा अस्पतालको सहयोग सोलुशन नेपालको संयोजनमा कार्यक्रम गरिएको हो ।

कोर्नियाँका कारण दृष्टिविहीन हुन नपरोस् भन्ने अभियानस्वरुप नेपाल आँखादान समाजका निर्वतमान अध्यक्ष साधुराम महर्जनले अभिमूखीकरणमा सहजीकरण गरेका थिए । कार्यक्रम पुष्पाञ्जलीका अध्यक्ष कल्पना थापामगरको सभाध्यक्षतामा र हेटौंडा उपमहानगरपालिका-९ का अध्यक्ष सुकराम केसीको प्रमुख आतिथ्यतामा भएको हो ।

कार्यक्रम सामुदायिक प्रहरी सेवाकेन्द्र मकवानपुरका उपाध्यक्ष केशव न्यौपाने, गैसस मकवानपुरका अध्यक्ष रमिला सापकोटा, सामुदायिक प्रहरी सहायकहवल्दार लिला गुरौ, सोलुशन नेपालका गोमा शाहलगायतको आतिथ्यता रहेको थियो ।

मानव शरीर मृत भएपनि शरीरका अङ्गहरु जिउँदो मानिसलाई अंगदान गर्न सकिने र जलनका बिरामीलाई छाला दान गर्न सकिने बिषयमा अभियन्ता सर स्वती महर्जनले सहजिकरण गरेकी थिइन् । सोही कार्यक्रममा मरणोप्रान्त स्वईच्छाले आखाँदान गर्ने ईच्छुक ८ जनाले आँखादान फाराम भरेका छन् ।

# हुप्राचौरमा दुर्गा प्रसाईको कोणसभा हुने

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपाल मकवानपुर जिल्लाको आयोजनामा हुने कार्यक्रमलाई सम्बोधन गर्न व्यवसायी दुर्गा प्रसाईं हेटौंडा आउने भएका छन् ।




महाअभियानका नारायणी अञ्चल संयोजक विजय तिमल्सिनाले कार्यक्रमको विषयमा बिहीबार पत्रकार सम्मेलनमार्फत् जानकारी दिएका छन् । माघ ६ गते दिउँसो १ बजे हेटौंडाको हुप्रचौरमा कोणसभा आयोजना गरिने र सभालाई प्रसाईंले सम्बोधन गर्ने जनाइएको छ । कार्यक्रममा सहभागी हुन नारायणी अञ्चलभरीका करिब २५ हजार मानिस उपस्थित हुने र कार्यक्रमको खर्च ६ लाख रुपैयाँ हुने अनुमान रहेको संयोजक तिमल्सिनाले बताए ।

'बैंक, सहकारी तथा फाइनान्स पीडितको पीडामा मल्हम लगाउन उहाँ आउन लाग्नुभएको हो । हामी जनताको आवाज सुन्छौं र त्यसलाई उजागर गर्छौं ।', पत्रकार सम्मेलनमा तिमल्सिनाले भने । पत्रकार सम्मेलनमा जिल्ला संयोजक भीम राउतलगायत विभिन्न जिल्लाका संयोजकको उपस्थिति रहेको थियो ।

## फेन्सी पसल बिक्रीमा

हेटौंडा-४, स्कूल रोडको आर.बी. कम्प्लेक्सको अगाडिको सटरमा चालु अवस्थामा रहेको एस.पी. कलेक्सन नाम रहेको फेन्सी पसल अर्जेन्ट बिक्री गर्नु पर्ने भएकोले सुपथ मूल्यमा बिक्रीमा छ । खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८४५७१७०६०**

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रयल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-५, पिप्ले, मकवानपुर**

सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित



- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रदेश सरकारको एकवर्ष

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकारले एकवर्षमा गरेको कार्यप्रगति विवरण सार्वजनिक गरेका छन् । मुख्यमन्त्री जम्मकट्टेलले ६६ पृष्ठमा उल्लेख गरेको कार्यप्रगति प्रतिवेदनअनुसार पूर्वाधार निर्माणतर्फ यस अवधिमा प्रदेशमा २७२ किलोमिटर पक्की तथा १५९ किलोमिटर ग्राबेलस्तरको सडक निर्माण तथा स्तोरोन्नति भएको उल्लेख छ । २६ वटा झोलुंगे पुल निर्माण, पर्यटकीय तथा ऐतिहासिक महत्व रहेको दक्षिण एसियाको पहिलो सुरुङ मार्ग चुरियामाई सुरुङमार्ग मर्मत भएको जानकारी दिए । सामुदायिक विद्यालयलाई विद्यार्थी आवागमन सहजताका लागि बस खरिदका गर्न अनुदान दिई सञ्चालनमा आएको र ११ वटा स्थानीय तहलाई अनिवार्य तथा नि:शुल्क शिक्षा घोषणाका लागि सहजीकरण गरिएको बताइएको छ । सडकमानवमुक्त प्रदेश स्थापनाका लागि मानवसेवा आश्रम हेटौंडा, मानवकल्याण समाज भक्तपुर र कोशिस नेपाल ललितपुरलाई अनुदान सहयोग तथा नर्सिङ् सेवाका लागि स्वयम्सेवक व्यवस्थापन गरिएको बताइएको छ ।

बागमती सरकारले अस्पतालको क्षमता तथा गुणस्तरीय सुधारका लागि भक्तपुर र हेटौडा अस्पताललाई ३०० शैया, सिन्धुली, त्रिशुली, बकूलहर रत्ननगर र धादिङ अस्पताललाई १०० शैया, मेथिनकोट, चौतारा, रामेछाप र पशुपति चौलागाईं स्मृति अस्पतालालाई ५० शैया, बज्रबाराही चापागाउँ, टोखा चण्डेश्वरी र रसुवा अस्पतालाई २५ शैयामा स्तरोन्नति गरिएको बताइएको छ । प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहत रहेका १३ वटा प्रादेशिक र सबै अस्पतालमा विपन्न असहाय, बेबारिसे बिरामीको लागि कूल शैयाको १० प्रतिशत शैया नि:शुल्करुपमा उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गरिएको, प्रदेशमा बसोबास गर्ने लोपोन्मुख सीमान्तकृत जातिहरु, क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरु, आश्रमआश्रित असहाय नागरिकहरु र महिलाल सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको स्वास्थ्य बीमाको प्रिमियम प्रदेश सरकारले व्यहोर्ने व्यवस्था गरेकोमा हालसम्म ६३७ परिवार संख्या आबद्ध भएको बताइएको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उच्चस्तरको स्वास्थ्य जनशक्ति उत्पादनका लागि आवश्यक समन्वय सहजीकरण गरी बीपीएच, बीएस्सी नर्सिङ, बीफार्मेसी, बीएस्सी एमएलटी र एनेस्थेसिया असिस्टेन्ट कोर्सको पठनपाठन भइरहेको छ । सिन्धुली जिल्लालाई पूर्णखोप सुनिश्चित तथा दिगोपन घोषणा गरिएको छ । एक विद्यालय एक नर्स कार्यक्रमअन्तर्गत बागमती प्रदेशका ११९ स्थानीय तहमा ५१९ विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम विस्तार भएको र थप २६४ विद्यालयमा कार्यक्रम विस्तार गर्ने बताइएको छ ।

प्रदेशका ८ जिल्लाका १० स्थानमा शीतभण्डारको निर्माण कार्य ५ प्रतिशत सम्पन्न, रसुवामा सञ्चालनमा आएको, दोलखाको जिरी, सिन्धुपाल्चोकको लिशंखुपाखर, सिन्धुलीको मुलकोट र रामेछापको मन्थलीमा परीक्षण सम्पन्न भएको, यी सबै शीतभण्डारमा करिब १५,०० मेट्रिकटन भण्डारणको क्षमता रहेको जनाइएको छ । हेटौंडामा निर्माणाधीन दूध पाउडर प्लान्टको निर्माण भई परीक्षण भइरहेको बताइएको छ । हेटौंडा-११ मा निर्माणाधीन प्रादेशिक कृषि थोकबजारको निर्माण कार्य ७५ प्रतिशत सम्पन्न भएको जनाइएको छ । २०७९ पुस २५ गते नेकपा माओवादी केन्द्रको नेतृत्वमा राप्रपा र नेकपा एमाले सम्मिलित तत्कालीन गठबन्धनबाट जम्कट्टेल मुख्यमन्त्री नियुक्त भएका थिए । गठबन्धन राष्ट्रिय निर्वाचनसम्म कायम रह्यो । अन्ततः फागुन १० मा राष्ट्रपति निर्वाचनमा नेपाली कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादी सहितको समीकरण बनेसँगै राप्रपा सरकारबाट अलग भयो भने चैत १० गते एमाले पनि सरकारबाट बाहिरियो । एमाले र राप्रपा सरकारबाट बाहिरिएपछि हालको सत्ता गठबन्धनले मुख्यमन्त्री जमकट्टेल नेतृत्वको सरकारलाई समर्थन दिँदै सरकारमा सहभागी भएको थियो । २ पटक संसदबाट विश्वासको मत लिएर सरकार टिकाएका मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकारले एकवर्षको अवधिमा गरेको कामको प्रगति विवरण सार्वजनिक गरेका हुन् ।

# राष्ट्रिय सभाबाट सुरु गरौं शासन पद्धतिमा सुधार



✍ मेखराज उदय

**सन्** १९५० को दशकमा भारतीय संसद्मा इतिहास निर्माता महान् व्यक्तिहरूको उपस्थिति मात्रै थिएन, स्मरणीय तथा ऐतिहासिक कामहरू समेत भए । डा. राजेन्द्रप्रसाद, डा. भीमराव अम्बेडकर, डा. राममनोहर लोहिया आदि थिए । उनीहरूका योगदानका कारण विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक मुलुकको रूपमा भारतलाई स्थापित गर्न महत्वपूर्ण योगदान पुर्‍यो ।

त्यतिबेला भारतका प्रधानमन्त्री थिए, पं. जवाहरलाल नेहरू । प्रधानमन्त्री नेहरू एकपटक संसद्मा आफ्नो सरकारले हासिल गरेको आर्थिक उपलब्धि प्रस्तुत गर्दैथिए, आचार्य डा. राममनोहर लोहिया उठे र प्रश्न गरे, 'पण्डितजी, हाम्रो देशको सबभन्दा गरिबको एक दिनको कमाइ कति छ ?'

जवाफमा नेहरूले भने, 'त्यो त निकालिएको छैन ।'

लोहिया बोले, 'निकाल्नुस् ।'

प्रधानमन्त्री नेहरूले राज्य संयन्त्र प्रयोग गरी तीन महिना लगाएर परिणाम निकाले । परिणाम आयो, भारतको सबभन्दा गरिब व्यक्तिको एक दिनको कमाइ जम्मा अढाइ आना । अंग्रेजले भारत छाड्ने समयमा एक गरिबको एक दिनको कमाइ थियो- ५ आना ।

लोहियाले भने, 'पण्डितजी तपाईंको सरकारले गरिबी घटाएको छैन, बरु बढाएको छ । धनी झन् धनी र गरिब झन् निरीह बन्दै गएका छन् ।' लोहियाको तर्क सुनेर प्रधानमन्त्री नेहरू नाजवाफ रहे ।

१९४७ अगस्ट १५ मा भारत स्वतन्त्र भएपछि नेहरू १६ वर्षसम्म निरन्तर प्रधानमन्त्री पदमा रहे । समाजवादी राजनेता लोहियाको जन्म सन् १९१० मा भारतको उत्तरप्रदेश हालको अम्बेडकर नगर जनपदमा भएको थियो । उनी चाहन्थे, विश्वका समाजवादीहरूको एउटै मञ्च बनोस् । उनी गैर कंग्रेसवादका शिल्पी थिए । भारतमा स्वतन्त्रता प्राप्ति पश्चात् लामो समयसम्म कंग्रेस सत्तामा रहँदा अधिनायकवादी बनेको उनको ठम्याइ थियो । अवस्था त्यस्तै थियो पनि ।

हालका नेपाल समेत भारत, चीन लगायतका पूँजीवादी मुलुकहरूको साझा र मूल समस्या नै यही हो । धनी व्यक्ति झन्-झन् सम्पन्न र गरिब झनै निमुखा बन्दै गइरहेका छन् । यो कमजोरी सच्याएर जान नसक्नु पूँजीवादी देशहरूको प्रधान कमजोरी वा समस्या हो । चीन पनि कसरी पूँजीवादी भन्ने प्रश्न उठ्न सक्छ । हालको चीनलाई माओकालीन चीनकै रूपमा नसम्झिन आग्रह गर्नु बाहेक थप शब्द खर्च गरिरहन जरूरी नहोला ।

**समानुपातिक पद्धतिको दुरूपयोग**

हाम्रो मुलुकको संसद् दुई सदनात्मक छ । संसदीय लोकतन्त्र हाम्रो शासन पद्धतिको मुख्य आधार हो । हुनत संसद्को नाम सुन्न नसक्ने गैरसंसद्वादी कथित कमरेडहरूको संसद् र सरकारमा समेत उल्लेख्य उपस्थिति छ । संसद् बाहिर पनि यदाकदा संसदीय व्यवस्था विरोधी स्वर अझै सुनिन्छ नै ।

२०५२ साल फागुन १ गतेदेखि माओवादीले सुरुवात गरेको सशस्त्र विद्रोह नै संसदीय व्यवस्था र संसद्वादी शक्ति विरुद्धको थियो । कांग्रेस, एमाले आदि संसद्वादी दलका स्थानीय नेता, कार्यकर्ता माओवादीको निशानामा पर्नु तर दरबारिया, राजावादी उनीहरूको हिंसाको शिकार नबन्नु केवल संयोग मान्न सकिँदैन । र, अर्को तथ्य तत्कालीन विद्रोही माओवादीभित्र पनि संस्थापनको वार्ता र सहकार्यको पहिलो प्राथमिकतामा संसद्वादी दलहरू होइन, राजा र दरबारिया थिए ।

माओवादी र दरबारबीच वार्ता र शक्ति सहकार्य विविध स्वार्थ र कमजोरीका कारणले सफल बन्न नसक्दा बाध्यकारी अवस्थामा मात्रै कांग्रेस, एमाले आदि संसद्वादी दलहरूसँग वार्ता, सहकार्य र सम्झौता गर्न माओवादी तयार भएका हुन् । यी दुई आधार पर्याप्त छन्, माओवादी युद्धको राजनीति कसका विरुद्ध थियो भनी बुझ्न । बुझ्नैपर्ने तथ्य यो पनि छ, राजतन्त्र समेत जहिल्यै संसद्को विपक्षमा थियो ।

उदाहरणका लागि संसद् र राजा बीचको द्वन्द्वका कारण २०१७ सालमा पञ्चायतको जन्म गराइयो । पछिल्लो ज्ञानेन्द्र शाहको असंवैधानिक कदम पनि संसद्माथिको आक्रमणबाट सुरु गरेका थिए ।

नेपालको संसद् (राष्ट्रिय सभा र प्रतिनिधिसभा) दुवै समावेशी सिद्धान्तमा आधारित भई गठन गरिने संवैधानिक व्यवस्था छ । तल्लो सदन भनिने प्रतिनिधिसभा दुई विधिद्वारा गठन हुन्छ । १६५ निर्वाचन क्षेत्रमा पहिलो हुने निर्वाचित हुने व्यवस्था बमोजिम प्रत्येक निर्वाचन क्षेत्रबाट एक/एक जना गरी १६५ जना विधायक निर्वाचित हुन्छन् । बाँकी ११० जना दलले प्राप्त गरेको कुल मतको आधारमा समावेशी सिद्धान्त (क्लस्टर)को आधारमा विधायक निर्वाचित हुन्छन् । यस विधि अनुसार आर्य–खस, आदिवासी जनजाति, दलित आदि समुदायका ५०/५० प्रतिशत महिला/पुरुष छानिन्छिन् । यो समावेशिताको व्यवस्था र विधि हो ।

समानुपातिक पद्धतिको व्यापक दुरुपयोग भएका यथेष्ट घटना छन् । पहिलो कुरा, विश्वमा कहींकतै नभएको शासक जातिलाई समेत कोटा वा आरक्षण छुट्याइनु अस्वाभाविक हो । कोटा लिएकाको दलितमाथि विभेद गर्न पाउनुपर्ने कुतर्क सुनिन्छ । व्यवहार हेर्दा भने कोटा वा आरक्षण व्यवस्थाको भरपुर फाइदा लिने मात्रै होइन, शक्ति र नेताको आडमा दुरुपयोग गर्ने समेत आर्य-खस समुदाय नै बढी छन् ।

वर्तमान सरकारका अर्थमन्त्री डा. प्रकाशशरण महत यही कोटाबाट विधायक बनेका हुन् । नक्कली शरणार्थी प्रकरणमा दोषी देखिएको र अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा मोटो रकम धरौटी बुझाएर भरखरै छुटेका कांग्रेस नेता बालकृष्ण खाँण अघिल्लो संसद्मा समानुपातिक कोटाबाट सांसद भई गृहमन्त्री बनेका थिए । यसपटक उनकी श्रीमती आर्य-खस महिला कोटाबाट प्रतिनिधिसभा सदस्य छिन् ।

पाँच पटक देशको प्रधानमन्त्री भइसकेका र दुई पटक नेपाली कांग्रेसका सभापति रहेका शेरबहादुर देउवा पत्नी डा. आरजु राणा समेत आर्य खस कोटामा सांसद तथा महिला कोटामा पार्टी केन्द्रीय सदस्य छिन् । एमालेका र घुजी पन्त, माओवादीका हितराज पाण्डे लगायत सो समुदायका धेरै जना प्रभावशाली नेताहरू समानुपातिक कोटाबाट विधायक बनेका छन् ।

दोस्रो संविधानसभा गठनको बखत माओवादीका हालका महासचिव देव गुरुङ पत्नी खस-आर्य महिला भएकाले समानुपातिकमा जनजाति कोटाबाट सम्भव भए श्रीमान्को थर बाट र खस आर्य कोटाबाट सम्भव भए माइतीको थरबाट संविधानसभा सदस्य बन्ने गज्जबको प्रयास देखिन्थ्यो । जे होस् उनी विधायक भएर छाडिन् । अघिल्लो पटक लुम्बिनी प्रदेश मुख्यमन्त्री एमाले महासचिव शंकर पोखरेल बन्दा उनकी श्रीमती समानुपातिक कोटाबाट प्रतिनिधिसभा सदस्य बनिन् ।

सुनसरीबाट प्रत्यक्ष चुनाव जितेर हाल शिक्षा मन्त्री रहेका जसपा नेता अशोक राईकी श्रीमती समानुपातिकबाट सांसद बन्नै पर्ने ? यो कोटा कुनै दलित महिलालाई दिंदा हुँदैनथ्यो ? आर्य-खस समुदायका लागि दिइएका कोटा शक्तिशाली नेता, तिनका श्रीमती आदिलाई दिंदा समानुपातिक व्यवस्थाको बदनाम भएको छ । व्यवस्था नै कुरुप देखिने गरी शक्तिशालीको भागबन्डा गर्नु भन्दा दूरदराजका, प्रत्यक्ष चुनाव लड्न हैसियत नभएका, कहिल्यै अवसर नपाएका खस-आर्य समुदायका व्यक्तिलाई अवसर दिनु उपयुक्त हुन्छ ।

प्रत्यक्षतर्फ दलितलाई शून्य उम्मेदवारी दिएको मुलुकको सबैभन्दा ठूलो र आफूलाई लोकतान्त्रिक दल ठान्ने कांग्रेसबाट सहमहामन्त्री जीवन परियार, केन्द्रीय सदस्य सीता मिजार पनि समानुपातिक कोटाबाट विधायक बनेका छन् ।

विख्यात नेता तथा तत्कालीन सभापति बीपी कोइरालाले २००९ साल जेठमा सम्पन्न नेपाली कांग्रेसको पाँचौं महाधिवेशनबाट धनमानसिं परियारलाई महामन्त्री बनाएपश्चात् कांग्रेसको पदाधिकारीमा पुग्ने जीवन परियार नै दोस्रो व्यक्ति हुन् । उनी दलको गुट बैठकहरूमा सक्रिय देखिन्छन् तथापि आफ्नो समुदायको हित र सरोकारमा संसद्मा केही क्षण समेत बोलेको, कुरा उठाएको, संघर्ष गरेको देख्न र सुन्न पाइँदैन ।

सोही कोटाबाट संसद्मा पुगेका आर्य-खस समुदायका समानुपातिक विधायकहरू गृहमन्त्री, अर्थमन्त्री, अन्य शक्तिशाली मन्त्री बन्ने हिम्मत राख्छन् भने उत्पीडित समुदायका सांसदको भूमिकाविहीन उपस्थिति देखिन्छ । त्यस्तै चर्चित दलित नेता रणेन्द्र बराइली माओवादीको कोटामा सांसद बने । उनको भूमिका पनि उल्लेखनीय छैन । एमालेका सचिव समेत रहेका छविलाल विश्वकर्मा दलित समुदायबाट प्रत्यक्ष निर्वाचित बनेका एक मात्रै सांसद हुन् । उनले संसद्मा दलित समुदायको अधिकारका निम्ति बोलेको हालसम्म ज्ञात छैन ।

यी बाहेक संसद्मा अन्य पनि दलित सांसद छन् । संविधानले दलित समुदायका लागि व्यवस्था गरेका जमिन, आवासको हक, सार्वजनिक क्षेत्र वा स्थानमा मात्रै होइन निजी क्षेत्रमा समेत जातीय विभेद गर्न नपाइने संवैधानिक हक, थर परिवर्तन गर्न पाइने व्यवस्था लगायत धेरै कानुन बनाउनुपर्नेछ । सरकार, संसदको अनिच्छा र बेवास्ताका कारण कुनै कानुन बन्न सकेका छैनन् ।

समुदायको कोटामा सांसद बनेकाहरूले यी सम्बन्धित सरोकारमा के कति प्रगति के भइरहेका छन् ? यथोचित जवाफ दिने जिम्मेवारी र दायित्व बहन गर्न नसकेको देखिन्छ । समुदायले उनीहरूसँग प्रश्न गर्न अब ढिला गर्नुहुँदैन ।

बदनाम बनाइएको समानुपातिक कोटा प्रणालीमा अब परिवर्तन गर्नु जरूरी छ । प्रत्यक्ष निर्वाचन क्षेत्र विस्तार गरी पूर्ण प्रत्यक्ष विजयी गरिने व्यवस्था गर्न सकिन्छ । त्यसो गर्दा समुदायगत आरक्षित क्षेत्र निर्धारण गरी सम्बन्धित समुदायबीच प्रतिस्पर्धा गराउन सकिन्छ । जुन उम्मेदवार विजयी भए पनि उही समुदायको उम्मेदवार विजयी हुनेछन् ।

जस्तै: दलित समुदायको जनसंख्या १४ प्रतिशत छ । कुल निर्वाचन क्षेत्रको उक्त १४ प्रतिशत उम्मेदवार दलित समुदायबाट मात्रै दिने । जसका कारण दलितको दलितसँग मात्रै, महिला महिलाबीच, आदिवासी जनजाति, आदिवासी जनजातिबीच, आर्य-खस बीच प्रतिस्पर्धा हुन्छ । यसरी संसद्मा पूर्ण समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्न सकिन्छ । अर्को विकल्प सिङ्गो देशलाई एउटा निर्वाचन क्षेत्र मानेर कुल खसेको मतलाई समुदायगत जनसंख्याको आधारमा सांसद बनाउन सकिन्छ । यसरी पनि पूर्ण समानुपातिक समावेशी व्यवस्था गर्न सकिन्छ । यो व्यवस्थाको सबल पक्ष के पनि छ भने, यसमा मतदाताको शतप्रतिशत मत प्रयोग हुन्छ, अर्थात् कुनै पनि मत खेर जाँदैन ।

**राष्ट्रिय सभा यस्तो बनाऔं**

राष्ट्रिय सभा निरन्तर रहने अर्थात् कहिल्यै खाली नरहने संसद् हो । हाल कांग्रेस नेता कृष्णप्रसाद सिटौला लगायत दलका प्रभावशाली तथा प्रतिनिधिसभामा चुनाव हारेका नेतालाई दलहरूले उम्मेदवार बनाएका कारण उक्त सभाको औचित्यमाथि नै प्रश्न उठाउन थालिएको छ । सिटौला मात्रै होइन अघिल्लो पटक गोरखाबाट चुनाव हारेका माओवादी नेता नारायणकाजी श्रेष्ठ राष्ट्रिय सभा सदस्य हुँदै हाल उपप्रधानमन्त्री तथा गृहमन्त्री छन् ।

त्यस्तै प्रतिनिधिसभामा हारेका वामदेव गौतम राष्ट्रिय सभामै छन् । यसरी हारेका, अन्य पदहरूमा व्यवस्थापन गर्न नसकिएका जगेडा नेता व्यवस्थापनमा राष्ट्रिय सभाको दुरुपयोग गर्ने हो भने यसलाई हटाइदिनु उपयुक्त हुन्छ । अन्यथा संसदीय व्यवस्थाका विज्ञ, पिछडिएको समुदाय, क्षेत्र, लिंग र अवसर नपाएका तथा वञ्चित समुदायको सम्मानित सभा बनाउनेतर्फ ध्यान पुर्‍याउनु जरूरी छ । जनप्रतिनिधिसभा जनताको हितमा प्र्रयोग गरिनुपर्दछ । लोकतन्त्रमा जनताको हित नै सर्वोपरि हो ।

हालको व्यवस्था बमोजिम प्रधानमन्त्री बन्न प्रतिनिधिसभा सदस्य हुनु अनिवार्य छ । विधायक मात्रै मन्त्री बन्ने व्यवस्था रहेको कारण सांसद र नागरिक दुवै विधायकी भूमिकाप्रति अन्योलमा परे । चुनाव जित्न बाटो, खानेपानी, ढल निर्माणको आश्वासन दिनै पर्ने बाध्यता छ । आफ्नो क्षेत्रको काम गर्न, स-साना योजना र बजेटका लागि सांसद मन्त्रालय धाउन विवश छन् ।

त्यस्तो अवस्थाबाट पार पाउन गैरसांसदलाई मात्रै मन्त्री बनाउने र विधायकलाई पूर्ण रूपमा कानुन निर्माणको कार्यमा मात्रै ध्यान केन्द्रित र जिम्मेवार बनाउन आवश्यक छ । यसरी संविधानको संशोधन मार्फत यी व्यवस्था मिलाउन सकिन्छ । अन्य समेत केही महत्वपूर्ण सवाल छन् तर ती व्यवस्था मिलाउन कानुनको निर्माण तथा केही ऐन संशोधन गरे पुग्छन् । यतातर्फ संसद्, सरकार र प्रमुख दल जिम्मेवार बन्न जरूरी छ ।

*(साभार: अनलाइनखबर)*

# महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

## मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

## एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस २८ गते शनिबार १३ जनवरी २०२४ । द्वितीया, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : नचिताएको काम सम्पन्न हुनेछ | **तुला** | : यात्राबाट नोक्सान हुनेछ |
| **वृष** | : मिहिनेतको फल मिल्नेछ | **वृश्चिक** | : घाउचोट लाग्न सक्नेछ |
| **मिथुन** | : स्वास्थ्यमा खराबी आउनेछ | **धनु** | : जग्गा जमिनबाट लाभ हुनेछ |
| **कर्कट** | : शुभ कामको संकेत मिल्नेछ | **मकर** | : सोचेभन्दा बढी खर्च हुनेछ |
| **सिंह** | : शरीरमा केही आलश्य हुनेछ | **कुम्भ** | : मित्रतामा कमी आउनेछ |
| **कन्या** | : सफलता मिल्न गाह्रो छ | **मीन** | : कामको जिम्मेवारी बढ्नेछ |

# नेपालमा हिन्दी भाषाको महत्व र सान्दर्भिकता

✍ श्रीमन्नारायण

नेपालमा हिन्दी भाषालाई विदेशी भाषा ठानेर यसलाई कमजोर पार्ने काम पञ्चायती कालदेखि हुँदै आएको छ । लोकतान्त्रिक शासनको तीन दशकमा पनि यही मानसिकता देखियो । सुरुमा हिन्दी भाषालाई कमजोर बनाउन मैथिली भाषीलाई उचाल्ने काम गरियो र अब मैथिलीलाई कमजोर बनाउन मगही, बज्जिका, थारु र अन्य भाषालाई चर्चामा ल्याउने काम भइरहेको छ । यसको एक मात्र उद्देश्य वडादेखि केन्द्रसम्म एक मात्र नेपाली भाषालाई स्वीकार्य बनाउनु हो ।

भाषा, संस्कृति, कला, साहित्य एवं विज्ञान कुनै एउटा भूगोलभित्र सीमित रहन सक्दैन । जुन देशमा जति धेरै भाषा बोलिन्छ, त्यो देश सांस्कृतिक रूपमा त्यति नै धनी र समृद्ध मानिन्छ । नेपालमा हिन्दी र संस्कृत भाषाहरूलाई विदेशी भाषा मान्न सकिँदैन, किनभने यसको उपयोग हाम्रो धर्म-संस्कृति, संस्कार र सभ्यतामा पनि अभिन्न रूपमा हुँदै आएको छ । नेपालमा हिन्दी भाषाको औचित्य र सान्दर्भिकता आज पनि छ ।

नेपालमा राणा शासनकालमा खासगरी २००७ सालसम्म एउटा क्याम्पस र स्कुल मात्रै थियो र त्यसको परीक्षाको सञ्चालन पनि पटना विश्वविद्यालयमार्फत हुने गरेको थियो । स्वाभाविक रूपमा त्यतिबेला हिन्दी भाषा नेपाली विद्यार्थीका निम्ति अनिवार्यजस्तै हुन गएको थियो । राणाशासक पनि तराईवासीसँग हिन्दी भाषामै कुराकानी गर्न रुचाउँथे । त्यसपछिका दिनमा देशका अनेकौं प्रधानमन्त्रीले तराई-मधेसको क्षेत्रमा हिन्दी भाषाको प्रयोग गरेका छन् । हिन्दी भाषा नेपालीका निम्ति पराई भाषा होइन, यो हाम्रो निम्ति नेपालीपछि दोस्रो सम्पर्क भाषाको स्थान ग्रहण गर्ने अवस्थामा छ ।

प्रत्येक नेपालीले दिनहुं कुनै न कुनै रूपमा हिन्दी भाषाको प्रयोग गरिरहेका छन् । चाहे त्यो माध्यम भजन-कीर्तन, गीत-सङ्गीत, समाचारपत्र, साहित्यिक पत्रिका, धर्मशास्त्र, गजल अथवा हिन्दी भाषाका समाचार, कार्टुन, सिनेमा एवं टीभी सिरियलहरू नै किन नहोस् ।

२००८ सालदेखि देशमा शिक्षा संस्कृतिको क्षेत्रमा पनि जागरण आउन थाल्यो । रेडियो आदि सञ्चारमाध्यममा हिन्दी भाषाको प्रयोग हुन थाल्यो । हिन्दी भाषामा अनेकौं समाचार पत्र प्रकाशित हुन थाले, साथै यसको विरुद्धमा षड्यन्त्र पनि हुन थाले । यस षड्यन्त्रको जन्मदाताका रूपमा एक अमेरिकी शिक्षा सल्लाहकार (डा. एचबी उड)ले नेपाल सरकार लाई बुझाएको आफ्नो प्रतिवेदनमा प्रस्ट रूपमा लेखेका थिए- संस्कृत मातृभाषा हो । जब कि उनले हिन्दीलाई विदेशी भाषा बताएका थिए । त्यतिबेला यसको चारैतिर उग्रविरोध भएको थियो । तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले यस अनावश्यक विवादलाई समाप्त पार्ने काम गरे ।

एकपटक फेरि २०१० सालतिर हिन्दी भाषालाई विद्यालय र क्याम्पसको शिक्षाबाट हटाउने षड्यन्त्र भयो । सम्पूर्ण तराईमा यसको कडा विरोध पनि भयो र यसको प्रतिक्रिया महेन्द्रनारायण निधिको अध्यक्षतामा 'हिन्दी रक्षा समिति'को गठन पनि भएको थियो । त्यस समितिले तराईवासीको अधिकार रक्षाको सम्बन्धमा एउटा ज्ञापन पनि सरकारलाई बुझाएको थियो, जसमा विधिवत रूपमा एउटा प्रस्ताव पारित गरी हिन्दीलाई सम्पूर्ण तराईको प्रतिनिधि भाषा तथा तराई र पहाडबिचको सम्पर्क भाषाको रूपमा स्थान दिइएको थियो ।

देशमा नयाँ शिक्षा योजना लागू गरिएपछि प्राथमिक स्तरबाटै हिन्दी भाषालाई हटाई नेपाली भाषालाई अनिवार्य माध्यम बनाउने काम भयो । जब तल्लो कक्षाबाट नै हिन्दी भाषालाई हटाउने काम भयो, अनि स्वाभाविक रूपमै निम्न माध्यमिक, माध्यमिक तथा क्याम्पसमा हिन्दी भाषा पढ्नेहरूको संख्या कम हुने नै भयो । बिस्तारै बिस्तारै नेपालका क्याम्पसमा पनि हिन्दी भाषाको पढाइ कम हुँदै गयो । हुन त त्रिभुवन विश्वविद्यालयमा अहिले पनि हिन्दी भाषाको पढाइ हुने गर्दछ, तर त्यसमा पढ्ने विद्यार्थीको उत्साह भने कमजोर हुन्छ । हिन्दी भाषा नेपालमा प्राथमिक कक्षादेखि क्याम्पससम्म प्रचलनमा थियो र नियमित रूपमा यसको पठनपाठनमा रोक नलगाइएको भए यसले नेपालमा नेपालीपछिको दोस्रो राष्ट्रभाषाको स्थान पनि ग्रहण गरिसकेको हुने थियो ।

नेपालमा प्रायः सबैजसो ठुला साहित्यकार, कवि एवं पूर्वप्रधानमन्त्रीहरू, स्व. बीपी कोइराला र लोकेन्द्रबहादुर चन्दले पनि हिन्दी भाषामा उत्कृष्ट रचना गरेका छन् । हिन्दी भाषालाई विदेशी भाषाको रूपमा प्रचारप्रसार गर्ने तथा हिन्दीविरोधी जनमत बनाउने तथा भारतलाई विस्तारवादी भएको आरोप लगाउने हाम्रो देशका कथित राष्ट्रवादीहरू भारतीय भूमिमा पाइला टेक्नेबित्तिकै आफ्नो राष्ट्रियतालाई बिर्सिदिन्छन् र अन्तर्राष्ट्रिय भाषा अङ्ग्रेजीमा बोल्नुको सट्टा हिन्दी भाषामै बोल्न थाल्छन् किनभने भारतीय सीमामा प्रवेश गर्नेबित्तिकै रिक्साचालक, बस कन्डक्टर, रेल-वे प्लेटफार्म तथा रेल-वेका कर्मचारी तथा रेलका सहयात्रीसँग हिन्दी भाषामै कुराकानी गर्ने गर्छन् । देशभित्र जुन भाषालाई घृणा गर्दछ, भारतमा गएर त्यही भाषालाई आत्मसात गर्छन् ।

हिन्दी भाषा धेरथोर उर्दू भाषासँग पनि मिल्दोजुल्दो खालको हुन्छ । भारतमा ५० लाखभन्दा बढी नेपाली कुनै न कुनै रूपमा जागिर गरेर आफ्नो जीविकोपार्जन गरिरहेका छन् । त्यसैगरी अरब राष्ट्रहरूमा पनि लाखौंको संख्यामा गएका छन् । अरब राष्ट्रहरूमा नेपालीले हिन्दी भाषाको प्रयोग नै गरिरहेका हुन्छन्, तसर्थ हिन्दी भाषाको मान्यताले नेपालीलाई भारतसहित अरब राष्ट्र मात्रै होइन, विश्वका अधिकांश देशमा बस्न र जागिर गर्न अपेक्षाकृत सहजता हुनेछ ।

हिन्दी भाषालाई लिएर हाम्रो देशमा आडम्बर देखाउने काम पनि अलि बढी नै भएको छ । भूतपूर्व प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो भारत भ्रमणका दौरान भारतीय पत्रकारले हिन्दीमा प्रश्न सोध्दा उनले हिन्दीमै जवाफ फर्काएका थिए । पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले भने अङ्ग्रेजीमै जवाफ फर्काएका थिए । उनै डा. भट्टराई एक रात्रिको विश्राम सिरहाको कुनै दलितको घरमा बिताउनुपर्ने अवस्था आयो, उनले हिन्दी भाषाको प्रयोग गरेका थिए । नेपालमा हिन्दी बोल्दा हीनताबोधको अनुभूति हुने तर भारतमा गएर हिन्दी बोल्दा आफूलाई बहुभाषी विद्वान् ठान्ने आडम्बरका कारण जनता सामु समस्यामा उत्पन्न हुने गरेको छ ।

विगत साढे दुई दशकदेखि नेपालको संसद्मा हिन्दी भाषा बोलिन्छ । रेडियो नेपालबाट दिनहुँ समाचार पनि प्रसारण हुने गर्दछ, तसर्थ हिन्दी भाषा तराई-मधेस तथा पूर्वी एवं पश्चिम पहाडका जनताका निम्ति मात्रै होइन, पूरै देशको सम्पर्क भाषा बन्ने अवस्थामा छ । नेपाली भाषापछि हिन्दीको स्थान नेपालमा अवश्य पनि छ ।

राजकीय संरक्षण र सहयोगको अभावमा कुनै पनि भाषा एवं संस्कृतिको विकास हुन सक्दैन । नेपालमा जब-जब नेपाली भाषाको समकक्ष हिन्दी भाषालाई दोस्रो सम्पर्क भाषाको रूपमा मान्यता दिलाउने प्रयास गरिन्छ, अनि क्षेत्रीय भाषाका अभियन्ताहरूलाई उचाल्ने काम गरिन्छ । यसको परिणामस्वरूप क्षेत्रीय भाषाका केही सीमित अगुवाहरू सरकारी बजेट हात पार्न सफल हुन्छन् तर यसबाट क्षेत्रीय भाषाको विकास भएको पाइँदैन । आजसम्म नेपालीबाहेक अर्को कुनै पनि भाषा एवं साहित्यको उत्थान हुन नसक्नु यसको ठुलो उदाहरण हो ।

*क्रमश: पृष्ठ-३....*

# मौद्रिक परिसूचक सुधार भए, अर्थ मन्त्रालयको हस्तक्षेप देखिएन

काठमाडौं/अर्थतन्त्रका अधिकांश परिसूचक बलिया बनिसक्दा पनि सरकारी वित्त र आन्तरिक मागमा भने सिथिलता कायमै छ । खासगरी मौद्रिक नीतिमा गरिएको सुधारले मूल्य, ब्याजदर र शोधनान्तर स्थिरताका क्षेत्रमा भने उत्साहजनक उपलब्धि हासिल भएको भएको नेपाल राष्ट्रबैंकले सार्वजनिक गरेको मंसिर मसान्तसम्मको तथ्यांकले देखाएको छ । तर, सरकारको बजेट खर्च तथा राजस्व संकलनमा भने अझै पनि ठूलो खाडल बाँकी नै छ । त्यस्तै, आन्तरिक माग वृद्धि हुन नसक्दा अर्थतन्त्र अझै सिथिल बनेको देखिन्छ ।




केही महिना अगाडिसम्म मौद्रिक नीति लचिलो बन्दा अर्थतन्त्रका समस्या तत्काल समाधान हुने भाष्य निजी क्षेत्र मात्रै नभएर सरकारले नै बनाएको थियो । सोही अनुसार मंसिरमा ल्याएको मौद्रिक नीति समिक्षाबाट राष्ट्र बैंकले मौद्रिक नीतिलाई लचिलो पनि बनायो ।

मौद्रिक नीति लचिलो बनाउन अर्थतन्त्र र प्रधानमन्त्रीले ठूलै कसरत गरेका थिए । अहिले मौद्रिक लचिलो बन्दा ब्याजदर घटेर बैंकहरूले एकल अंकमा कर्जा प्रस्ताव गर्ने अवस्था बनेको छ । मूल्यवृद्धि पनि घट्दो क्रममा नै देखिन्छ । अर्थतन्त्रका समग्र तथ्यांक सकारात्मक हुँदा पनि लगानी बढेको भने देखिँदैन । कर्जाको माग बढ्न सकेको छैन ।

पुँजीगत खर्च बढाएर सरकारले नै निर्माण सामग्रीको माग बढाउन सकेको पनि छैन । सबै तथ्यांक सकारात्मक हुँदा अर्थतन्त्रलाई ड्राइभ गर्नुपर्ने वित्त नीतिमार्फत सरकारले बजारमा सकारात्मक म्यासेज दिन नसक्दा आन्तरिक अर्थतन्त्रमा भने चरम निराशा देखिन्छ ।

पछिल्लो समय बैंक तथा वित्तीय संस्थाको सम्पत्तिको गुणस्तरमा केही कमी आएर निष्कृय कर्जामा वृद्धि भए पनि वित्तीय स्थायित्वमा पनि खासै समस्या देखिदैन । राष्ट्र बैंकले प्रकाशित गरेको तथ्यांकमा बाह्य क्षेत्रको साथै मूल्य स्थायित्वमा र वित्तीय स्थायित्वमा पनि दवाब देखिँदैन ।

यद्यपि, आन्तरिक अर्थतन्त्रमा भने चरम नैराश्य छ । गत साता नेपाल उद्योग परिसंघले उद्योगीहरूबाट संकलन गरेको तथ्यांकमा आधारित एक अध्ययन सार्वजनिक गरेको थियो । जसमा माग घटेको, कच्चा पदार्थको मूल्य बढेको र उद्यमीहरूले थप लगानीको योजना रद्द वा पछाडि सारिरहेको भन्दै निरासाजनक तथ्यांक सार्वजनिक गरेको थियो ।

तर, कतिपय आन्तरिक कच्चा पदार्थमा आधारित उद्योगहरूको उत्पादन राम्रो हुँदै गएको र त्यस्ता वस्तुको निर्यातमा सुधार भएको तथ्यांक आएकाले अर्थतन्त्रमा सुधारको संकेत देखिएको राष्ट्र बैंकका अधिकारीहरू बताउँछन् ।

शोधनान्तर बचत उल्लेख्य रुपमा बढेको, विदेशी विनिमय सञ्चिति ऐतिहासिक बिन्दुमा पुगेको र मुद्रास्फीति नियन्त्रण हुँदाको प्रभाव ब्याजदरमा देखिएको नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख डा. प्रकाशकुमार श्रेष्ठ बताउँछन् । आर्थिक सुचकहरूमा देखिएको सुधारको प्रभाव आन्तरिक अर्थतन्त्रमा पनि देखिन लागेको उनले बताए ।

'आन्तरिक अर्थतन्त्र सुधार हुन बाँकी छ । अर्थतन्त्र सुधारको लागि आर्थिक कारण सहज हुँदै गएका छन् । गैरआर्थिक कारणहरू सहज हुँदै जानुपर्ने देखिन्छ,' श्रेष्ठ भन्छन्, 'आन्तरिक माग बढाउन पुँजीगत खर्च बढाउनुपर्छ । विद्युत्को विवाद, करको विवादजस्ता कारणले पनि आर्थिक गतिविधिमा प्रभाव परेको हुनसक्छ,'

आम नागरिक र लगानी कर्तामा आत्मविश्वासमा कमी देखिएको र त्यसमा सुधार हुन नसकेको श्रेष्ठ बताउँछन् । यो पक्षमा सुधार गर्ने जिम्मा वित्त नीतिले लिनुपर्ने श्रेष्ठको भनाइ छ । अर्थतन्त्रमा कोभिडको समयको प्रभाव अझै बाँकी रहेको उनले बताए । 'कोभिडको समयमा विस्तार भएको कर्जाको भुक्तानीको समस्या बाँकी छ । घरजग्गा र सेयर बजारमा फसेकको लगानीले गर्दा निजी क्षेत्रले पनि नयाँ परियोजना ल्याउन सकेको जस्तो देखिँदैन,' श्रेष्ठले संचारकर्मीसँग भने, 'ठूलो संख्यामा नागरिक विदेसिँदा आन्तरिक मागमा कमी आएको र ठुला परियोजनामा र उत्पादनमा लगानी बढ्न नसकेको हुनसक्छ ।'

आर्थिक वर्ष २०७८-७९ मा शोधनान्तर घाटा उच्च भएर विदेशी विनियम सञ्चितिमा उच्च गिरावट भएपछि नेपाल सरकार र राष्ट्र बैंक आयात नियन्त्रणका विभिन्न औजारहरू चलाएका थिए । सरकारले २०७९ वैशाखदेखि पुससम्म विभिन्न वस्तुको आयातमा प्रतिबन्ध लगायो भने राष्ट्र बैंकले १ वर्षसम्म विभिन्न बस्तुको आयातको लागि एलसी खोल्दा नगद मार्जिन राख्नुपर्ने व्यवस्था नै गरेको थियो ।

तर, चालु आर्थिक वर्षको अवस्था भने फरक देखिन्छ । आयातमा संकुचन भएको छ । रेमिट्यान्स ५ महिनामै ६ खर्ब १३ अर्ब पुग्दा सोही अवधिको व्यापार घाटा ३.१ प्रतिशतले कमी आई ५ खर्ब ३९ अर्बमा झरेको छ । ५ महिनामा शोधनान्तर बचत २ खर्ब १० अर्ब पुग्दा चालु खाता बचत १ खर्ब ४० अर्ब पुगेको राष्ट्र बैंकले जनाएको छ ।

यस्तै, चालु आवको पहिलो ५ महिनामै विदेशी विीयम सञ्चिति १४.८ प्रतिशतले वृद्धि भएर १७ खर्ब ६७ अर्बको ऐतिहासिक उचाइमा पुगेको छ । सञ्चितिले १४.१ महिनाको वस्तु आयात र ११.८ महिनाको सेवा आयात धान्न पर्याप्त हुने राष्ट्र बैंकले जनाएको छ ।

पछिल्लो २ वर्ष यता उच्च मुल्यवृद्धिको दबाब रहेकोमा मंसिरमा २५ माहिनापछि मुद्रास्फीति ५ प्रतिशतको बिन्दुबाट तल झरेको छ ।

यस्तै, १३ प्रतिशत नाघेको कर्जाको भारित औसत ब्याजदर १२ प्रतिशतभन्दा तल झरेको छ । बैंक तथा वित्तीय संस्थाले राम्रो परियोजना र न्यून जोखिम भएमा एक्ल अंकको ब्याजदरमा स्थिर कर्जा नै प्रवाह गर्ने अफर गरिरहेका छन् । यस्तोमा न निजी क्षेत्रले नयाँ परियोजा अगाडि बढाउन हिम्मत गरेको छैन । शिथिल बनेको आन्तरिक अर्थतन्त्र चलायमान बनाउन सरकारले खर्च बढाउने दिशामा पनि उल्लेख्य काम गर्न सकेको छैन ।

आर्थिक गतिविधि बढाउन सरकारले विदेशी ऋण परिचालन गरेर भए पनि खर्च बढाउनुपर्ने श्रेष्ठ बताउँछन् । तीनै तहको सरकारको सञ्चित कोषमा असारमा ७१ अर्ब मात्रै रहेकोमा अहिले करिब २०० अर्ब बचत रहेको उनले बताए । 'यसले सरकारको खर्च गर्न सकेन भन्ने देखाउँछ,' उनले भने ।

सरकारले आन्तरीक ऋण उठाएर चालु आर्थिक वर्षको ५ महिनामै सरकारी संचित कोषमा करिब १ खर्ब ५० अर्ब करिब थुपार काले त्यसलाई खर्च गरेर माग बढाउनुपर्ने उनले बताए ।

राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशकसमेत रहेका अर्थशास्त्री नरबहादुर थापा पनि आर्थिक तथ्यांक सकारात्मक भए पनि अर्थतन्त्रलाई ड्राइभ गर्ने परियोजना सरकार र निजी क्षेत्रले ल्याउन नसकेको बताए । 'निजी क्षेत्र पनि शून्यमा रहेछ । स्रोत नभएर वा लागत बढी भएर रोकिएको कुनै परियोजन नै निजी क्षेत्रसँग रहेनछ,' उनले भने, 'सरकारले पनि निर्माणको चरणमा रहेको परियोजना अगाडि बढाउने र निजी क्षेत्रले पनि स्रोत सहज र ब्याजदर घट्दा अगाडि बढाउने परियोजना ल्याउन नसक्दा आन्तरिक अर्थतन्त्रमा समस्या देखिन्छ ।'

निजी क्षेत्रमा प्रवाह हुने कर्जाको माग पनि नहुने र सरकारको सञ्चित कोषमा रकम थुप्रिरहने अवस्थाले आन्तरिक अर्थतन्त्रमा मन्दी रहेको संकेत गर्ने उनी बताउँछन् । 'निजी क्षेत्र पनि व्यापार मात्रै केन्द्रित भयो । लगानीका वातावरण बन्यो भने परियोजना अगाडि बढाउँछु भनेर निजी क्षेत्रको तयारी देखिएन,' उनले भने ।

पूर्व अर्थसचिव रामेश्वर खनाल तथ्यांकले अर्थतन्त्र कतै पनि संकटमा रहेको नदेखाउने बताउँछन् । 'केही व्यापारीको व्यापारमा गडबडी भएको होला । हिजो ऋण लिएर सेयर बजार लगानी गरियो । बजार बढाएर ३२ सय पुर्‍याइयो,' उनले भने, 'ऋण लिएर घरजग्गामा लगानी गरियो । आज मूल्य घट्यो । उनीहरू सस्तोमा बेच्न तयार छैनन् । त्यसकारण ऋणको पुनर्तालिकीकरण गरेर हुन्छ कि के गरेर हुन्छ, आफ्नो फाइदाका लागि उनीहरू बोलिरहेको देखिन्छ,' उनले भने । उनीहरूको बहकाउमा राजनीतिक नेतृत्व लाग्दा अर्थतन्त्र संकटमा छ भन्ने कुरा सुनिएको उनको दाबी छ ।

तथ्यांकले उपभोग घटेको नदेखिने उनले बताए । 'धानको उत्पादन बढेको छ । पर्यटक आगमन बढेको छ । पोखराजस्ता गन्तव्यमा होटेलका कोठा नै नपाउने अवस्था छ,' उनले संचारकर्मीसँग भने, 'हिजो डिजेलबाट चलिरहेका उद्योगहरू आज बिजुलीबाट चल्न थालेका छन् । तराई भेगमा डिजेल रिक्साहरू विस्थापित भएर विजुलीबाट चलिरहेका छन् । यसले डिजेलको आयातमा ठूलो गिरावट आएको छ । जुन हाम्रो लागि सकारात्मक विषय हो ।'

यसबीचमा निर्माण व्यवसाय केही सुस्ताएको सत्य भएको उनले बताए । सहकारी र लघुवित्तमा समस्या आउँदा साना तथा मझौला उद्यमी समस्यामा परेको विषयलाई बिर्सन नमिल्ने उनले बताए । तर, ठूलो उद्यमीलाई समस्यामा पर्ने गरी अहिले बजार सुस्ताएको तथ्यांकबाट पुष्टि नहुने उनको तर्क छ । 'अहिले केही स्वदेशी उद्योगले राम्रो उत्पादन र व्यापार गरिरहेको आंकडा आएको छ ,' पुर्व अर्थसचिव खनाल भन्छन्, 'यसले आयातमा आधारित व्यापार प्रभावित भएको हुन सक्छ । यसरी समग्रमा विश्लेषण गर्दा अर्थतन्त्र समस्यामा जानु पर्ने कारण देखिन्न ।'

(स्रोत: अनलाइनखबर)

# दुई दशकपछि फिल्ममा फर्किंदै पूजा चन्द



काठमाडौं/कुनै समयकी सफल अभिनेत्री पूजा चन्द विगत १९ वर्षदेखि अमेरिकामा छिन् । अमेरिका गएसँगै उनको फिल्मसँग पनि दूरी बढ्यो । पछिल्लोपटक उनी सन् २००४ मा आएको फिल्म 'मनको टुक्रा'मा देखिएकी थिइन् । अब २० वर्षपछि उनी फिल्ममा पुनरागमन गर्दैछिन् । निर्देशक विनोद पौडेलको दोस्रो फिल्म 'भूठान' (द वल्डस् ह्याप्पिएस्ट म्यान)बाट उनी अभिनयमा फर्किन लागेकी हुन् ।

यतिबेला उनी अमेरिका स्थित ओहायोको एक्रोन शहरमा फिल्मका लागि वर्कसप गरिरहेकी छन् । पहिलोपटक वर्कसपको अनुभव लिएकी पूजाले एक अन्तर्वार्तामा भनेकी छन्, 'मैले फिल्मी करिअरमा कहिल्यै वर्कसप भन्ने गरेको थिइनँ । यहाँ मैले यो नयाँ कुरा सिक्ने मौका पाएँ । यो मेरो लागि एकदमै फरक अनुभव हो ।' यसै सातादेखि 'भूठान'को अमेरिकामा छायांकन सुरु भैसकेको छ ।

अब अभिनयलाई निरन्तरता दिने उनको योजना छ । 'म निरन्तर फिल्म गर्नेछु । अरु एक/दुईवटा फिल्ममा कुरा पनि भैरहेको छ । जुलाईमा म नेपाल जाँदैछु । स्क्रिप्ट र रोल राम्रो भयो भने नेपाल बसाईंको क्रममा फिल्म गर्नेछु,' उनले भनेकी छन् । बाल्टिमोरमा बस्ने गरेकी पूजाले रेकर्डिङ स्टुडियो चलाउँदै आएकी छन् भने कन्सर्टका लागि लाइट र साउन्ड सिस्टम पनि उपलब्ध गराउँछिन् ।

उनलाई अहिले नेपाली फिल्म यथार्थसँग नजिक भएर बनिरहेका छन् भन्ने लाग्छ । तथापि, ब्याकग्राउन्ड म्यूजिक अझै पनि कमजोर रहेको उनको बुझाई छ । 'कन्सेप्ट डेभलप' र प्रस्तुतिकरणमा अझै मिहिनेत गर्न उनको सुझाव छ । अहिलेको पुस्तामा अभिनेत्रीद्वय सुरक्षा पन्त र स्वस्तिमा खड्काको अभिनयबाट प्रभावित रहेकी पूजालाई अभिनेतामा भने प्रदीप खड्काको काम मन परेको छ ।

# 'चित्रा'की मेरुदण्ड सिम्रन



काठमाडौं/नेपाली फिल्ममा थिएटर र फिल्म स्कूलमा पढेर आएकाहरुको उपस्थिति दिनानुदिन बढ्दो क्रममा छ । कोही अभिनयमा सक्रिय छन् त कोही निर्देशन र अन्य विधामा अगाडि बढेका छन् । समग्रमा प्राय:ले आफ्नो रुचिको विधामा सम्भावना देखाएका छन् । त्यसमध्ये एक हुन्, सिम्रन खड्का । उनी कान्तिपुर फिल्म एकेडेमीकी पूर्वविद्यार्थी हुन् । यतिबेला फिल्म बजारमा उनको चर्चा छ ।

गत वर्ष प्रदर्शन भएको फिल्म 'प्रेमगञ्ज' उनको करिअरको पहिलो खड्किलो थियो । यो फिल्मले सिम्रनलाई दर्शकको ठूलो वर्गमा चिनाउन चुकेको भए पनि उनी फिल्मकर्मीको आँखामा भने परेकी थिइन् । नकारात्मक चरित्रमा उनको अभिनय प्रशंसनीय थियो । कम 'स्क्रिन स्पेश'मा पनि उनले आफूलाई अभिनयमा प्रमाणित गरेकी थिइन् । यही फिल्मले उनलाई दोस्रो फिल्म 'चित्रा' दिलायो ।

आज शुक्रबारदेखि प्रदर्शनमा आउन लागेको यो फिल्मको सोमबार काठमाडौंमा प्रिमियर राखिएको थियो । फिल्ममा अर्पण थापा, प्रमोद अग्रहरी, मेनुका प्रधान जस्ता नाम चलेका कलाकारहरुको अभिनय छ । तर, प्रिमियरमा चर्चा भने सिम्रनको भैदियो । गौरी मल्लदेखि दीपाश्री निरौलासम्मले उनको अभिनयको प्रशंसामा शब्द खर्चिन कञ्जुसाइँ गरेनन् । त्यसको उनी हकदार पनि थिइन् ।

'चित्रा'मा सिम्रनले अभिनेता सन्तोष अधिकारीको छोरीको भूमिका निभाएकी छन् । चुलबुले स्वभावको चरित्रमा उनको प्रभावशाली अभिनय देखिन्छ । अभिनयको तुलनामा उनी फिल्मका सबै कलाकारमाथि हाबी छिन् । उनको अभिनय नै फिल्मको मेरुदण्ड हो । डाइलग डेलिभरीमा भने उनले अझै राम्रो मेहनत गर्नुपर्ने देखिन्छ । तथापि, 'चित्रा'मा उनले निराश बनाउने ठाउँ छाडेकी छैनन् ।

# 'एक मुठ्ठी बादल'मा आँचल, भन्छिन्, 'यो जीवनभरको भूमिका हो'




काठमाडौं/यस वर्ष प्रदर्शनमा आएको फिल्म 'नाईं नभन्नू ल ६'पछि अभिनेत्री आँचल शर्माले लगालग फिल्म सम्झौता गरिरहेकी छन् । अहिले ओखलढुंगाको रुम्जाटारमा फिल्म 'डिग्री माइला'को छायांकन गरिरहेकी उनको लाइनअपमा 'पञ्चामृत' र 'राजमहल'सँगै अब अर्को फिल्म 'एक मुठ्ठी बादल' पनि थपिएको छ । बिहीबार एक फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणको घोषणा गरिएको हो ।

साहारा शर्माको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्मको पोस्टरमा आँचल चित्रित छिन् । उनी नवविवाहित दुलहीझैं देखिन्छिन् । उनको हातमा मेहेन्दी छ भने रातो साडी पहिरिएकी छन् । पोस्टरको पृष्ठभूमिमा भने उनलाई भर्खरको युवतीको रुपमा चित्रित गरिएको छ । यसले फिल्ममा आँचल आमा-छोरीको भूमिकामा हुनसक्ने बुझाउँछ । पोस्टरमा उनी गम्भीर भावमा देखिएकी छन् ।

पारिवारिक कथावस्तुमा बन्न लागेको फिल्ममा आँचलका साथै सहयोग अधिकारीको पनि मुख्य भूमिका रहनेछ । अभिमन्यू दीक्षित, अनुप पौडेल र सामीप्यराज तिमल्सेनाको प्रस्तुति रहेको फिल्मको आगामी फागुनबाट पोखरामा छायांकन सुरु हुने जनाइएको छ । आउँदो जनवरी (२०२५)मा ढाका इन्टरनेसनल फिल्म फेस्टिभलको मार्केट र ल्याबमा फिल्म पेश गर्ने निर्देशक शर्माको तयारी छ ।

आँचल 'एक मुठ्ठी बादल'लाई लिएर उत्साहित देखिएकी छन् । उनी इन्स्टाग्राममा लेखिन्छन्, 'यो जीवनभरको भूमिका हो । अन्तत: मलाई व्यक्तिगत रूपमा केही गर्ने मौका मिलेको छ ।' उनले यो फिल्मलाई नेपाली महिलाको नसुनेको कथा भनेकी छन् । आगामी माघ पहिलो साताबाट आँचलले 'राजमहल'को छायांकन सुरु गर्नेछिन् । यसपछि उनले 'एक मुठ्ठी बादल'लाई समय निकाल्नेछिन् ।

# 'टाइगर ३'पछि 'डन ३'मा भिलेन बन्दै इमरान !

एजेन्सी, मुम्बई/बलिउडमा रोमान्टिक हिरोको छवि बनाएका इमरान हाशमीको अब फिल्ममा चरित्र बदलिन थालेको छ । गत वर्ष फिल्म 'टाइगर ३'मा भिलेनको भूमिकामा प्रस्तुत भएपछि उनलाई त्यही प्रकारको भूमिकामा प्रस्ताव ओइरिरहेको छ । अब अर्को सफल फिल्म 'डन'को तेस्रो श्रृंखलामा पनि उनी भिलेनको भूमिकामा देखिने भएका छन् । यद्यपि, यसको आधिकारिक पुष्टि हुन भने बाँकी छ ।

निर्देशक फरहान अख्तरले भिलेनको भूमिकामा इमरानलाई निश्चित गरिसकेको भारतीय मिडियाहरुले दाबी गरेका छन् । फिल्ममा डन पात्रमा भने अभिनेता रणवीर सिंह देखिनेछन् । यो फिल्मका अघिल्ला दुई श्रृंखलामा सुपरस्टार शाहरुख खान डन बनेका थिए । तेस्रो श्रृंखलामा पनि फरहान शाहरुखलाई नै लिन चाहन्थे । तर, उनले इच्छा नदेखाएपछि फिल्ममा रणवीरको प्रवेश भएको हो । निर्देशक अख्तर र रितेश सिधवानीले संयुक्त रुपमा निर्माण गर्ने फिल्मलाई सन् २०२५ मा रिलिजको तयारी गरिएको छ । फिल्ममा रणवीरको अपोजिटका लागि अभिनेत्रीको टुंगो लागिसकेको छैन । तर, भारतीय मिडियामा कियारा आडवाणीको नाम चर्चामा छ । 'डन'को पहिलो श्रृंखला सन् २००६ र सन् २०११ मा दोस्रो श्रृंखला प्रदर्शनमा आएको थियो । यी दुवै श्रृंखला सुपरहिट भएका थिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

PrinterShop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# नारायणगढ मुग्लिन सडक माघ २० सम्म दैनिक ४ घण्टा बन्द

चितवन/गत पुस ७ गतेदेखि दैनिक ४ घण्टा बन्द हुँदै आएको नारायणगढ मुग्लिन सडकखण्ड थप तीन हप्ता बन्द हुने भएको छ । तुइन खोलामा पुल बनाउने फाउण्डेसन बनाउन पहाड काट्ने प्रयोजनका लागि पुस ७ गतेदेखि २८ गतेसम्म तीन हप्ताका लागि सडक बन्द गरेर काम थालिएको थियो ।



तर, तोकिएको समयभित्र पहाड काट्ने काम पुरै नसकिएपछि जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वपक्षीय बैठकले थप ३ साताका लागि सडक बन्द गरेर पहाड काट्ने निर्णय लिएको हो ।

पुस २८ गतेदेखि माघ २० दैनिक दिउँसो १२ बजेदेखि ४ बजेसम्म सडक बन्द गरेर पहाडको चट्टान काट्ने काम गरिने आयोजनाका इन्जिनियर एवं सूचना अधिकारी कृष्ण आचार्यले जानकारी दिए ।

गत वर्ष पनि सो खण्डमा पुलका लागि भन्दै पुस ५ गतेबाट सडक बन्द गरेर पहाडको भित्ता काट्ने काम गरिएको थियो । अन्यत्र पहाड काटेर पुलहरू धमाधम बने पनि तुइन खोलाको मुग्लिनतर्फको भागमा कडा चट्टान भेटिएपछि आयोजनाले विष्फोट गराएर मात्रै पहाड काट्न सकिने निष्कर्ष निकालेको थियो ।

तर, खानी तथा टनेलमा काम गर्ने प्राविधिकहरूको स्थलगत अध्ययनपछि प्राविधिकहरुको सल्लाह अनुसार फरक प्रविधिको प्रयोग गरेर यसपटक चट्टान काट्न थालिएको थियो । आयोजनाका इन्जिनियर तथा सूचना अधिकारी आचार्यका अनुसार रक स्प्लीटर, हाइड्रोलिक ज्याक हेम्बरको सहयोगमा चट्टान काट्ने काम गरिएको छ ।

गत बर्षको भन्दा यसपटक प्रगति पनि अपेक्षाकृत नै रहेको उनले बताए । यसपटक ३८ टनको ब्रेकर पनि प्रयोग गरिएको छ । यसअघि २२ टनको ब्रेकर प्रयोग गरिएको थियो । गत बर्ष झण्डै तीन महिना तुइन खोलाको पहाडमा सडक बन्द गरेर ६० मिटर अग्लो ठाँउबाट चट्टान काट्ने प्रयास गरि एको थियो ।

गत बर्ष झण्डै ३० प्रतिशत मात्रै भित्तो काट्न सकिएको थियो । तुइन खोलाको नारायणगढ तर्फको भाग भने अधिकांश काटिसकिएको छ । पछिल्लो तीन हप्तामा सडक बन्द गरेर ३५ मिटर अग्लो पहाडलाई १५ मिटर काटेर २० मिटरमा झारिएको आयोजनाले जनाएको छ । बाँकी २० मिटर थपिएको ३ हप्ता भित्र काट्ने योजना छ ।

जमिनको सतह नजिकै ल्याएपछि सवारी नरोकिकन पनि काम गर्न सकिने आयोजनाले जनाएको छ । दैनिक ४ घण्टा भनेपछि ३ घण्टाभन्दा बढी समय ठेकेदार कम्पनीले काम गर्न नपाएको आयोजनाले दावी छ ।

यो सडक खण्डमा बन्ने नयाँ १९ वटा पुलमध्ये यहीँ तुइन खोलाको पुलको काम मुख्य रुपमा बाँकी छ । अन्य धेरैजसो पुल सञ्चालनमा आएका छन् भने, तीन पुल सञ्चालनको तयारीमा छन् ।

**माघ १ गते सडक बन्द नहुने**

दैनिक ४ घण्टा बन्द हुँदै आएको मुग्लिन नारायणगढ सडकखण्ड माघ १ गते भने दिनभर नै खुला रहने आयोजनाले जनाएको छ ।

माघे संक्रान्ति पर्वको अवसरमा प्रसिद्ध धार्मिकस्थल देवघाट नुहाउन, दर्शन गर्न आउने भक्तजनहरुको सुविधा तथा चाडपर्व पनि भएकाले सो दिन सडक बन्द नहुने आयोजनाले सूचना निकालेर जनाएको छ । सो दिन निर्वाध रुपमा नारायणगढतर्फ आउन र जान सकिने आयोजनाको भनाइ छ । *(स्रोत: अनलाइनखबर)*

# *नेपालमा हिन्दी भाषा...*

नेपालको संविधानको धारा ६ मा राष्ट्रभाषाको शीर्षकमा नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन् भन्ने लेखिएको छ, जब कि धारा ७ मा सरकारी कामकाजको भाषा सम्बन्धमा 'देवनागिरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ' भन्ने उल्लेख छ । जब कि सोही धाराको उपधारा २ मा 'नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्र भाषालाई प्रदेश कानुन बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ' भन्ने उल्लेख छ । यस्तै उपधारा ३ मा 'भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ' भन्ने उल्लेख छ । यसरी उपधारा ३ को प्रावधानले भोलिका दिनमा विभिन्न किसिमको समस्या सिर्जना गर्ने र अन्तत: एक भाषाकै नीति प्रदेशमा पनि लागू हुने निश्चित छ ।

नेपालको संविधानको धारा ३ मा राष्ट्रको परिभाषामा नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त मानिएको छ । यस्तो अवस्थामा यहाँका सबै जातजाति एवं भाषाभाषीले आफ्नो भाषा एवं संस्कृतिको संरक्षण एकनासले गर्न पाउनुपर्ने हो तर त्यस्तो हुन सकिरहेको छैन ।

नेपालमा नेपालीपछि सर्वाधिक बोलिने, बुझिने र व्यवहारमा आउने भाषा हिन्दी नै हो । हिन्दीलाई विदेशी भाषा भनेर यसको स्वीकार्यता, आवश्यकता, महत्व एवं सान्दर्भिकतालाई औचित्यहीन साबित गर्न सकिँदैन ।

विश्वका अन्य कतिपय देशका भाषाले भौगोलिक सीमालाई नाघी अन्य देशमा मान्यता प्राप्त गरेको अनेकौं उदाहरण छन् । अङ्ग्रेजी भाषा त विश्वकै भाषा बन्न गएको छ । हाम्रो राष्ट्रभाषा नेपालीलाई पनि भारतको संविधानले मान्यता दिएको छ । अर्को देशको भाषालाई आत्मसात गर्दा कुनै देशको सार्वभौमिकता र अखण्डतामाथि खतरा आएको उदाहरण आजसम्म हेर्नमा आएको छैन । अरबी भाषा, साउदी अरबको भाषा हो तर अल्जेरिया, इराक, कुवेत, लेबनान, सिरिया, मोरक्को, ओमान, कतार, सुडान, ट्युनेसिया, यमन र युएईजस्ता दर्जनौं राष्ट्रले यसलाई आफ्नो राष्ट्रभाषा बनाएका छन् । स्पेनिस स्पेनको भाषा हो तर भेनेजुयला, पेरु, पाराग्वे, पनामा, निकारागुवा, मेक्सिको, क्युबा, चिली, ग्वाटेमाला र ब्राजिलको भाषा पनि स्पेनिस नै हो ।

फ्रेन्च फ्रान्सको भाषा हो तर बेल्जियम, कङ्गो तथा आइभर कोस्टको भाषा पनि फ्रेन्च नै हो । जर्मन चाहिँ स्विट्जरल्यान्डको प्रमुख भाषा हो । ग्रिक साइप्रसको भाषा हो, जब कि ग्रिस देशको स्थापना नै भाषाकै नाममा भएको हो । पोर्चुगलको भाषा पोर्चुगिस हो तर यो अल्जेरिया, ब्राजिल र मोजाम्बिकको भाषा बन्न गएको छ । बङ्गाली भाषा बङ्गलादेशको राष्ट्रभाषा हो, जब कि यसको राष्ट्रिय गीतकै रचनाकार भारतीय कवि हुन् । बङ्गाली भाषाका प्राय: सबै विद्वान् एवं कविहरू भारतीय नै हुन् ।

*(साभार: रातोपाटी)*

# बम्जनकै मुद्दामा मकवानपुरका एक गुरु धरौटीमा छुटेका थिए

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ बालयौन दुराचारको आरोप लागेका 'तपस्वी' रामबहादुर (रामलाल) बम्जनलाई सर्लाही जिल्ला अदालत सर्लाहीमा उपस्थित गराइएको छ । बम्जनको मुद्दा सर्लाहीका जिल्ला न्यायाधीश विष्णुप्रसाद रेग्मीको इजलासमा परेको थियो । रेग्मीको इजलासले बम्जनलाई थुनामा पठाउन आदेश दिइसकेको छ ।

अहिले जुन आरोपमा बम्जनलाई अदालतमा उपस्थित गराएर मुद्दा प्रक्रिया अगाडि बढाइएको छ सोही आरोपमा यसअघि नै दुईजना प्रतिवादी धरौटीमा रिहा भइसकेका छन् । बम्जनसहित बालयौन दुराचारको आरोपमा मकवानपुरको थाहा नगर पालिका-७ घरभएका तोप्चेङ महात्मा गुरु भनिने ज्ञानकुमार बम्जन, सिन्धुलीको मरिण गाउँपालिका-५ घर भएका जेबी गुरु भनिने जीतबहादुर तामाङ सहप्रतिवादी बनाइएको थियो ।

तर, यी दुवै प्रतिवादी भने यसअघि नै एक-एक लाख रुपैयाँ धरौटीमा छुटिसकेका व्यक्ति हुन् । सहप्रतिवादी तोप्चेङ महात्मा गुरु २०७९ भदौ १० मा १ लाख रुपैयाँ धरौटीमा रिहा भएका थिए । अर्का सहप्रतिवादी जेबी गुरु गत मंसिर ६ गते १ लाख रुपैयाँ धरौटीमा रिहा भए । अहिले सोही प्रकरणमा मुख्य प्रतिवादी भनिएका बम्जनलाई अदालतमा उपस्थित गराइएको हो । योसँगै बम्जनमाथि अन्य जिल्लामा मान्छे बेपत्ता पारेको आरोप पनि छ ।

अदालतबाट पक्राउ पुर्जी जारी भएपनि विगत ५ वर्षदेखि फरार रहेका बम्जनलाई केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले मंगलबार राति काठमाडौंको बुढानीलकण्ठस्थित उनकै घरबाट पक्राउ गरेको थियो । बुधबार मध्यराति उनलाई सर्लाही पुऱ्याइएको हो । बम्जनलाई महोत्तरीस्थित कारागार लगिएको छ । बम्जनमाथि मकवानपुरका दुईसहित सर्लाही र नुवाकोटका गरी ४ जनाको बलात्कार र हत्या आरोप छ ।

# 'भ्रष्टाचार देशको महारोग, नरोके विकास असम्भव'



साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ बागमती प्रदेश सरकारका प्रवक्ता समेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले देशको विकासका लागि भ्रष्टाचार रोक्नुपर्नेमा जोड दिएका छन् ।

उनले भ्रष्टाचार नियन्त्रण बिना देशको विकास नहुने बताए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाले बिहीबार गरेको भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन विषयक अन्तर क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापनाबिना देशमा विकास र समृद्धि सम्भव नभएको बताएका हुन् । उनले भ्रष्टाचार देशको महारोग भएको बताए ।

मन्त्री श्रेष्ठले भ्रष्टाचार राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र सबैतिर फैलिएको बताए । उनले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न उच्चनेतृत्वले जीवन व्यवहारमा उच्चनैतिक मानक कायम गर्नुपर्ने बताए । मन्त्री श्रेष्ठले भ्रष्टाचारलाई अपराध कर्मको रुपमा लिदैं देश र जनताको सेवा नै पवित्र कर्म हो भन्ने मान्यतालाई दह्रोसँग स्थापित गर्न प्रतिबद्ध हुनुपर्नेमा जोड दिए । उनले सम्पत्ति र सत्तालाई शक्तिको स्रोत ठान्ने संस्कृतिलाई बदल्नुपर्ने बताए ।

उनले भ्रष्टाचारीलाई कानुनी कारबाहीसँगै सामाजिकरुपमा समेत बहिष्कार गर्ने संस्कृतिको विकास गर्नुपर्ने उल्लेख गरे । मन्त्री श्रेष्ठले अहिलेको निर्वाचन प्रणाली नै भ्रष्टाचारको ठूलो मुहान भएको दाबी गरे । उनले प्रत्यक्षको विशेषतासहितको पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्न पहल गर्नुपर्ने बताए । निश्चित मापदण्डका आधारमा दललाई राज्यले चुनावी खर्च उपलब्ध गराउनुपर्ने मन्त्री श्रेष्ठको भनाइ छ ।

# रुपचन्द्र विष्टको शालिकमा माल्यार्पण



साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/थाहा दर्शनका प्रणेता रुपचन्द्र विष्टको ९० औं जन्मजयन्तीको अवसरमा थाहा नगरपालिकामा रहेको स्व. विष्टको शालिकमा माल्यार्पण गरिएको छ ।

थाहा नगरपालिका मेयर विष्णु विष्ट र उपमेयर भरत गोपालीले विष्टको तस्विरमा फूलको मालाले माल्यार्पण गरेका थिए । थाहा नगरपालिकामा-३ का वडाध्यक्ष हिरेन्द्र रायमाझीको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरका पत्रकारद्वय सुजन ढकाल, राजुकमार केसी र जनकल्याण माध्यमिक विद्यालयमा शिक्षाक्षेत्रमा योगदान पुऱ्याउनु भएका कृष्णबहादुर विष्टलाई सम्मान गरि एको थियो । उनीहरुलाई थाहा नगर पालिकाका मेयर विष्ट र उपप्रमुख गोपालीले सम्मान गरेका हुन् ।

कार्यक्रममा प्रमुख अतिथि रहेका मेयर विष्टले थाहा दर्शनका प्रणेता रुपचन्द्र विष्टलाई सम्झनाको लागि थाहा नगर पालिकाले वृहत अन्तरक्रियाको कार्यक्रम आयोजना गर्ने बताए । 'रुदानेको सुशासनलाई लिएर अगाडि बढिरहेका छौं ।', उनले भने, 'रुपचन्द्र विष्टले गर्नुभएको काम र विचारलाई लिएर एउटा किताब पनि प्रकाशन गर्नेछौं । नगर पालिकाले बजेट विनियोजित गरी थाहा दर्शनको बारेमा अन्तरक्रिया कार्यक्रमको पनि आयोजना गर्नेछौं ।',

कार्यक्रममा सम्मानित विष्टले रुपचन्द्र विष्टकै योगदानबाट आफू अहिले यो ठाउँसम्म उभिएको धारणा व्यक्त गरे । थाहा नगर पालिकामा ४० वर्ष शिक्षाक्षेत्रमा योगदान गरेका विष्टलाई विहीबार सम्मान गरिएको हो । यसैगरी फरक सोचका अभियन्ता यादवजंग रायमाझीले थाहा नगरपालिकामा रहेको पर्यटकीय क्षेत्रलाई प्रवर्द्धन गर्न फरक सोचले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए ।

'थाहा फैलाउन र चिनाउन फरक सोचले काम गर्दै आइरहेको छ ।', उनले भने, 'आफू विदेश रहँदा रुपचन्द्र विष्टको स्मृतिमा सप्ताहव्यापी कार्यक्रम हुने गर्दथ्यो । अहिले एकदिने कार्यक्रम आयोजना गरेतापनि उनको आस्था र विचार खुम्चेको छैन ।' थाहा दर्शनका प्रणेता रुपचन्द्र विष्टको जन्मजयन्तिको अवसरमा फरक सोचले विगत वर्षदेखि विभिन्न कार्यक्रमहरु गर्दै आइरहेको छ ।

# ५ महिनामै २ खर्ब २८ अर्बले बढ्यो विदेशी विनियम सञ्चिति

काठमाडौं/चालु आर्थिक वर्ष (आव) को ५ महिनामै विदेशी विनियम सञ्चिति करिब २ खर्ब २८ अर्बले बढेर नेपालको कुल बजेटभन्दा माथि पुगेको छ ।

२०८० असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड रहेको कुल विदेशी विनिमय सञ्चिति २०८० मंसिर मसान्तमा आउँदा १४.८८ प्रतिशतले बढेर १७ खर्ब ६७ अर्ब ४ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ ।

सरकारले चालु आर्थिक वर्षको लागि १७ खर्ब ५१ अर्ब ३१ करोड बजेट ल्याएको छ । मुलुकसँग रहेको कुल विदेशी विनियम सञ्चित चालु आर्थिक वर्षका लागि सरकारले ल्याएको उक्त बजेटभन्दा माथि पुगेको तथ्यांक राष्ट्र बैंकले सार्वजनिक गरेको हो ।

अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा अवमूल्यन हुँदा नेपाली मुद्रामा करिब १५ प्रतिशतले वृद्धि देखिएको विदेशी विनिमय सञ्चिति अमेरिकी डलरमा भने १३.६ प्रतिशतले बढेको छ । २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड डलर रहेको कुल विदेशी विनिमय सञ्चिति २०८० मंसिर मसान्तमा १३ अर्ब ३१ करोड डलर पुगेको छ ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति १५ खर्ब ५६ अर्ब २५ करोड पुगेका छ । बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति २ खर्ब १० अर्ब ७९ करोड कायम भएको छ । २०८० मंसिर मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१.६ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ ।

आयातमा भएको संकुचन र विदेशी मुद्रा सञ्चितिमा भएको वृद्धिले सञ्चिति पर्याप्तता सूचकमा पनि उल्लेख्य सुधार भएको छ । आर्थिक वर्ष २०८०/८१ को पाँच महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १४.१ महिनाको वस्तु आयात र ११.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# पशुपतिमा गाँजा बेचेको आरोपमा ५ जना पक्राउ

काठमाडौं, २६ पुस/ पशुपतिमा गाँजाको व्यापार गरेर शान्ति सुरक्षामा असर पुऱ्याएको भन्दै लागूऔषध नियन्त्रण ब्यूरो (एनसीबी) काठमाडौंको टोलीले छापा मारेको छ ।

पशुपति क्षेत्रमा बसेर गाँजा बेचेको आरोपमा एनसीबीको टोलीले ५ जनालाई पक्राउ गरेको छ । उनीहरुको साथबाट ८ सय ३८ ग्राम लागूऔषध गाँजा बरामद भएको प्रहरीले जनाएको छ ।

ब्यूरोका अनुसार, गौशालाको ओरालोबाट गाँजा विक्री गर्दै गरेको अवस्थामा केहीलाई पक्राउ गरिएको थियो भने केहीलाई शव दाहगृह नजिकैबाट समातिएको हो ।

पक्राउ परेकाहरुलाई प्रहरी वृत्त, गौशाला बुझाइएको जनाइएको छ । गाँजाको विक्रीबारे अनुसन्धान गरिदिन भन्दै पशुपति क्षेत्र विकास कोषले ब्यूरोलाई अनुरोध गरेको थियो ।

# भिरबाट खसेर थिङ गम्भीर घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ मकवानपुरमा भिरबाट लडेर एकजना गम्भीर घाइते भएका छन् । मकवानपुरगढी गाउँपालिका-६ मा भिरबाट लडेर घोप्टेबेसी बस्ने ३४ बर्षीय कुमार थिङ गम्भीर घाइते भएका हुन् ।

घरबाट बजार हिडेका थिङ घोप्टेभिरबाट लडेर घाइते भएको अवस्थामा फेला पारिएको जनाइएको छ । टाउको र ढाडमा चोट लागेको अवस्थामा उनको उद्दार गरी उपचारार्थ हेटौंडा अस्पताल ल्याइएको प्रहरीले जनाएको छ ।


## राक्सिराङ्ग गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर

## ठेक्का स्वीकृति गर्ने आशयको सूचना

*प्रकाशित मिति: २०८०/०९/२७*

यस कार्यालयद्वारा प्रकाशित तपशिलको दरभाउपत्र आव्हानको सूचना अनुसार पेश हुन आएका दरभाउपत्रहरुमध्ये न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिलको दरभाउपत्र स्वीकृतिको लागि छनौट गरिएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को (उपदफा) २ को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि.नं | ठेक्का विवरण | बोलपत्र दाताको नाम | कबोल रकम |
|---|---|---|---|
| 1 | PRO/RAK/SQ/ 01–80/81 "Procurement and Deliveryof Medicine" | Himalayan Medicine Distributors, Lalitpur | रु.७,८३,६४०।०० (अक्षरेपी रु सात लाख त्रियासी हजार छ सय चालिस मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

## शिक्षक आवश्यकता

*प्रथम पटक प्रकाशित मिति : २०८०/०९/२६*

प्रस्तुत विषयमा राक्सिराङ्ग गाउँपालिका को कार्यलय चैनपुर, मकवानपुरको च.न. ९७० मिति २०८०/०९/२४ गतेको प्राप्त अनुमति पत्र तथा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०९/२५ गतेको बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको नि.मा.वि. तह संघीय अनुदान विज्ञान विषयको कोटामा एक जना शिक्षक करारमा पदपुर्ती गर्नुपर्ने हुदाँ इच्छुक योग्य नेपाली नागरीक हरु बाट तपशिल बमोजिम दरखास्त आहवान गरिन्छ ।

**तपशिल:**

१. विज्ञापन नं. : ०१/०८०/०८१
२ तह/श्रेणी : नि.मा.वि., तृतीय (संघीय अनुदान)
३. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
४. न्युनतम शैक्षिक योग्यता : विज्ञान विषय लिई +२ वा सो सरह प्रविणता प्रमाण पत्र तह उतिर्ण
५. परीक्षाको किसिम : लिखित र मौखिक (आवश्यक परे प्रयोगात्मक)
६. सेवा सुविधा : नेपाल सरकारको नियम अनुसार
७. परिक्षा दस्तुर : १,५००/- मात्र
८. दरखास्त दिने अन्तिम मिति : २०८०/१०/११
९. सम्पर्क मिति : २०८०/१०/१२
१०. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने छ ।
११. आवश्यक कागजात : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, स्थायी अध्यापन अनुमती प्रमाणपत्र प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शिक्षण अनुभव तथा अन्य भए प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति र हस्त लिखित निवेदन
१२. सम्पर्क नं. : ९८६३९९८६९१, ९७६१७१५७१३, ९८४५१६८९१७

***नोटः-** शिक्षक सेवा आयोगको करार सुचीमा नाम प्रकाशित भएका उम्मेदवारहरुको दरखास्त परेमा योग्यता क्रमको आधारमा नियुक्ति गरिने छ ।*

**श्री दामराङ्ग आधारभूत विद्यालय दामराङ्ग**
**राक्सिराङ्ग गा.पा.-७, मकवानपुर**

## नमूना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## साधारणसभासम्बन्धी सूचना

यस श्री नमूना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, हेटौंडा-१० को २१ औं वार्षिक साधारणसभा तपशिलमा उल्लेखित मिति, समय र स्थानमा हुने व्यहोराको पत्र सम्पूर्ण शेयर सदस्य dxfgefj x?nfO{ k7fO{lsFsf] 5 . sf/0fa; kq kfKt gePdf ;Dks{ gDa/df ;Dks{ u/L ;efdf pkl:yt x'g cg'/f]w 5 .

*तपशिल*

मिति : २०८० पौष २८ गते शनिबार
समय : विहान ११ वजे
स्थान : संस्थाको सभाहल, हेटौंडा-१०, राप्तीरोड

**केदार प्रसाद न्यौपाने (अध्यक्ष) एवम्**
**श्री नमूना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**राप्तीरोड, हेटौडा-१०, मकवानपुर**

## धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

☞ धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन ।
☞ यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सर जस्ता दीर्घकालीन रोग लाग्न सक्छ ।
☞ आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
☞ कुलतमा रहेकाले त्याग्ने प्रण गरौं ।
☞ यसले तपाई र तपाईको परिवारलाई असर पुऱ्याउँछ ।

त्यसैले धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

☞ ग्याँस ओभनबाट उत्पादन गरिने ।
☞ हानिकारक धुवाँको असर नहुने ।
☞ १२ प्रकारका घरायसी मसलायुक्त ।
☞ तत्काल खान मिल्ने ।
☞ खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
**हेटौडा-४, मकवानपुर**
**९८४५२६२५२२, ९८५५०७२६२३**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना